सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०७९-WH-००९५

मुद्दाः बन्दीप्रत्यक्षीकरण।

कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा कैदमा रहेको चार्ल्स शोभराज गुरुमुख-- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेत------------------ विपक्षी

मिसिल संलग्न निवेदनसहितको कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् बरिष्ठ अधिवक्ताहरू श्री लोकभक्त राणा एवं श्री रामबन्धु शर्मा तथा विद्वान् अधिवक्ताहरु श्री शकुन्तला थापा एवं निहिता विश्वासले र विपक्षीको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले गर्नुभएको बहससमेत सुनियो।

यसमा रिट निवेदकलाई भक्तपुर जिल्ला अदालतको स.वा.फौ.नं. ०७०-CR-००९३ को कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरेकोमा यस अदालतबाट समेत सो मुद्दामा मिति २०६७।०४।१४ मा (ने.का.प. २०६७ नि.नं. ८३७८) सदर ठहर भएकोमा भक्तपुर जिल्ला अदालतबाट च.नं. ७१० मिति २०७४।१२।०८ मा निजलाई मिति २०६०।०६।०२ देखि मिति २०८०।०६।०१ सम्म कैदमा राखे गरी संशोधित कैदी पुर्जी दिइएको देखिन्छ। रिट निवेदक मुटुको रोगी (Mitral valve prolapse with sevre MR) को लागि Open Heart Surgery गर्नुपर्ने र हाल ७८ बर्षको वृद्ध देखिन्छ। कारागार नियमावली, २०२० को नियम २९(२क) ले ६५ बर्ष उमेर पुगेका कैदीहरूलाई असल चालचलनको आधारमा वा ओछ्यानमा परि निको नहुने अवस्थामा पुगेको कैदीलाई ७५ प्रतिशतसम्मको कैद सजाय छोट्याउन सक्ने व्यवस्था गरेको देखिन्छ। यो सुविधा विदेशी नागरिकसमेतलाई दिन सकिने देखिन्छ। हाल निजले १९ बर्ष कैद अर्थात् ९५ प्रतिशत कैद सजाय भुक्तान गरिसकेको देखिन्छ।

निवेदकलाई उच्च अदालत, पाटनले मुद्दा नं. ०७४-WO-१००७ मा मिति २०७५।०३।२० मा र यसै अदालतबाट ०७५-WO-०४३७ को मुद्दामा मिति २०७५।११।१२ मा "निवेदकको उमेर ७४ बर्ष भैसकेको तथ्यमा विवाद नरहेको, निज मुटुसम्बन्धी रोगबाट पीडित भई नियमित उपचारको अवस्थामा रहेको र निजलाई ठेकिएको कैदमध्ये करिब ७५ प्रतिशत कैद

भुक्तान भैसकेको देखिंदा निजका सम्बन्धमा मानवोचित र विवेकपूर्ण निर्णय तत्काल हुनु वाञ्छनीय देखियो। तसर्थ, कारागार नियमावली, २०२० को नियम २९(२क) बमोजिम सुविधा निवेदकलाई दिनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा तथ्ययुक्त र कानूनसंगत कारण खुलाई यो आदेश प्राप्त भएका मितिले ३ महिनाभित्र आवश्यक निर्णय गर्नू" भनी आदेश भएको, साथै त्यसपछि परेको अर्को रिट नं. ०७८-WH-०१०५ मा मिति २०७९।०१।११ मा "यि निवेदक उपर चलेको मुद्दाको सन्दर्भमा उमेर, भोगी सकेको कैद र अब भुक्तान हुने कैदको अवधि, निजलाई मुटुको रोग लागी Open Heart Surgery गर्नुपर्ने अवस्था र चालचलन हेरी १ महिनाभित्र निर्णय गर्नू" भनी विपक्षी गृह मन्त्रालयसमेतको नाउँमा परमादेश जारी भएकोमा हालसम्म पनि सो सम्बन्धमा कुनै निर्णय भएको देखिएको छैन।

मिति २०७९।०३।०७ मा केन्द्रीय कारागार कार्यालयको यस अदालतमा प्राप्त च.नं. ५९३६ को पत्रबाट "*हाल स्वास्थ्य अवस्था सामान्य रहेपनि ५ किसिमको औषधि सेवन गरिरहेको र सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५।११।१२ मा भएको परमादेश पश्चातको अवधिमा निजको चालचलन तथा व्यवहारमा खासै परिवर्तन हुन नसकेको भए पनि नकारात्मक कार्य गरेको भन्न सकिने अवस्था देखिन नआएको*" भनी उल्लेख गरिएको, निजको चालचलनमा सुधार आएकोले कैद भुक्तानमा छुट दिन यस अघि दुई दुई पटक सिफारिस गरिएको र उक्त तथ्य कारागार कार्यालयबाट असल चालचलनको आधारमा कैद मिनाहाको सिफारिस भनी रिट ०७४-WO-१००७ को मुद्दामा कारागार कार्यालयबाट उच्च अदालत, पाटनमा पेश गरेको मिति २०७५।०२।२१ गतेको लिखित जवाफबाट समेत देखिंदा निजको चालचलन हाल कैदमा रहँदा असल नभएको, नरहेको भन्न सकिने अवस्था देखिएन। कैद छुटको निमित्त असल चालचलन भए नभएको सिफारिस गर्ने नगर्ने, कैद छुटको निर्णय गर्ने नगर्ने स्वविवेकीय अधिकार प्राप्त अधिकारीले स्वविवेकीय अधिकारको प्रयोग गर्दा उत्तरदायित्वबोध, तथ्यगत सन्दर्भ, हासिल गर्न खोजेको उद्देश्य र कैदीको अधिकारलगायत समग्र पक्षमा हेरी निर्णय गर्नुपर्ने देखिन्छ।

निजलाई रिट नं. ०७२-WH-००५६ मा पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।०१।२७ मा गोलघरमा नराखी कारागार भित्र उपयुक्त ठाउँमा राख्न दिइएको आदेशसमेत हालसम्म कार्यान्वयन नभई मिति २०७९।०३।०७ को केन्द्रीय कारागार कार्यालयको च.नं. ५९३६ को पत्रबाट समेत कारागारमा अत्याधिक चापको कारणले कारागार भित्र उपयुक्त स्थानमा छुट्टै व्यवस्था नहुँदा गोलघरमै राखिएको तथ्यलाई स्वीकारसमेत गरेको देखिन्छ। यसबाट निजको बन्दी माथि गरिने व्यवहारसम्बन्धी न्यूनतम मापदण्ड मण्डेला नियम, २०१५ (UN Standard Minimum Rules For The Treatment of Prisoners 2015) समेत विपरित व्यवहार गरिएको देखिन्छ।

उच्च अदालत र यसै अदालतबाट समेत पटक पटक परमादेश जारी भई तोकिएको समयभित्र कारागार नियमावली, २०२० को नियम २९(२क) बमोजिम सुविधा प्रदान गर्नेतर्फ विपक्षीहरूबाट

कुनै निर्णय नगरी बसेको अवस्थामा १९ बर्ष कैद सजाय भोगी सकेको ७८ बर्ष उमेरको वृद्ध व्यक्तिलाई कानून प्रदत्त सुविधा तत्काल प्रदान नगरिएकोमा निजको संविधान प्रदत्त बाँच्न पाउने हक र एकान्त कारावास विरुद्धको हकमा समेत असर पर्न गई निवेदक Earnest Fenwick Macintosh भन्ने Fenwick Macintosh वि. नेपाल सरकार गृह मन्त्रालय सिंहदरबार काठमाडौंसमेत भएको नं. ०७४-WH-०१११ को बन्दीप्रत्यक्षीकरण मुद्दा (ने.का.प. २०७५ नि.नं. १००८०) मा र निवेदक गोपाल सिवाकोटी (चिन्तन)समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेत भएको नं. ०७६-WO-०९३९ को परमादेश मुद्दा (ने.का.प. २०७७, नि.नं. १०५०९) मा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विपरितको अवस्था देखिएको हुँदा निजलाई निरन्तर कैदमा राखी राख्नु कैदी बन्दीको मानव अधिकार मापदण्ड, संविधान तथा कानून प्रदत्त अधिकार अनुकूल देखिएन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ। अन्य मुद्दामा थुनामा राख्नु पर्ने नभए निजलाई आजै कैदबाट छाडी दिन तथा यो आदेश भएको १५ दिनभित्र आफ्नो देश फर्काउन आवश्यक व्यवस्था मिलाउनसमेत यो आदेश जारी गरिएको छ। सम्बन्धित जिल्ला अदालतमार्फत् कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा छिटो साधनद्वारा आदेशको जानकारी पठाई दिनू। आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने भएको प्रस्तुत संक्षिप्त आदेश जारी गरिदिएको छ।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७९ पौष ६ गते रोज ४ शुभम्-----------------------------------------